मिति २०८१।१२।२२ गते शुक्रवार बसेको तुलसीपुर उपमहानगर नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा निर्णयहरु यस प्रकार रहेका छन् ।

**प्रस्तावहरु:**

१. यस अगाडीको कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।
२. तुलसीपुर उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, संगठन संरचना तथा दरबन्दी परिमार्जन सम्बन्धमा ।
३. तुलसीपुर उपमहानगरपमलिकाको ३३ औ स्थापना दिवस सम्बन्धमा ।
४. खोलाहरुको आ.इ.इ. गर्ने सम्बन्धमा।
५. निजी वन दर्ता सम्बन्धमा ।
६. खानेपानी बोर्डमा सदस्य मनोनयन सम्बन्धमा ।
७. आ.इ.इ अध्ययन कार्यदलमा सदस्य मनोनयन सम्बन्धमा ।
८. सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालित आयोजनामा नदीजन्य पदार्थको उत्खनन गर्दा हेवी इक्वीप्मेन्ट प्रयोग अनुमति सम्बन्धमा ।
९. अर्ध बार्षिक समिक्षा सम्बन्धमा ।
१०. जुनियर नापी तालिममा कर्मचारी सिफारिस गर्ने सम्बन्धमा ।
११. नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
१२. तपसिल बमोजिम कार्यबिधि तर्जुमा गर्ने सम्बन्धमा ।
  क. आर्थिक सहयोग वितरण कार्यबिधि तर्जुमा सम्बन्धमा
  ख. कार्यक्रम तथा आयोजना संचालन कार्यान्वयन र फरफारक कार्यविधि
  ग. बारुण यन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यबिधि
  घ. एकीकृत पशु स्वास्थ्य शिविर सञ्चालन कार्यबिधि -२०८१
  ङ. पशु सेवा तालिम सञ्चालन कार्यबिधि-२०८१
  च. सर्भिलेन्स संचालन कार्यबिधि-२०८१
  छ. आकस्मिक पशु पन्छी रोग नियन्त्रण कार्यबिधि-२०८१
  ज. कृषक पशु स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम कार्यबिधि-२०८१
१३. विविध सम्वन्धमा ।
  क. ८, १३ र १५ नं. वडा कार्यालय भवन निर्माण सम्वन्धमा ।
  ख. नगर प्रहरी माथि गरिएको आक्रणमणको भर्तसना सम्वन्धमा ।
  ग. राजश्व फिर्ता सम्वन्धमा ।
  घ. सिफारिस सम्वन्धमा ।
  ङ. सिफारिस सम्वन्धमा ।



टिकाराम खड्का
नगर प्रमुख

टिकाराम खड्का
नगर प्रमुख



**निर्णयहरु:**

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिल्लो नगर कार्यपालिकाबाट भएका निर्णयहरु समीक्षा गर्दै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शीघ्र कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस उपमहानगरपालिकाको संगठन संरचनालाई संशोधन गरी समयानुकूल परिमार्जन गरी छिटो छरितो र कामकाजी बनाउनका संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन तयार गर्नका तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजक- श्री केशवराज पार्धे(प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य- श्री ललित घर्ती (सहकारी तथा रोजगार प्रवर्धन शाखा प्रमुख)
३. सदस्य- श्री खिम ~~बहादुर~~ लाल वली (आर्थिक प्रशासन शाखा प्रमुख)
४. सदस्य-श्री नारायण चौधरी (भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा प्रमुख)
५. सदस्य- श्री ओम प्रकाश न्यौपाने ( जन स्वास्थ्य प्रवर्धन शाखा प्रमुख)
६. सदस्य- श्री माधव पौडेल (वडा सचिव)
७. सदस्य- श्री झरेन्द्र खरेल (पर्यटन तथा संस्कृति प्रवर्धन शाखा)
८. सदस्य- श्री पुष्पलता घर्ती (राजस्व प्रशासन शाखा प्रमुख)
९. सदस्य सचिव- श्री विष्णु कुमारी आचार्य (प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख)

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको ३३औं स्थापना दिवस मिति २०८१ चैत्र ३० गते तपसिल बमोजिम कार्यक्रम आयोजना गर्ने र स्थापना दिवस व्यवस्थित रुपमा सञ्चालन गर्न तपसिल बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजक: श्री स्यानी चौधरी (नगर उपप्रमुख)
२. सदस्य: श्री माधव वली (नगर प्रवक्ता)
३. सदस्य: श्री घनश्याम ढकाल (लेखा समिति संयोजक)
४. सदस्य: श्री धर्मराज वली (सार्वजनिक सेवा तथा सुशासन समिति संयोजक )
५. सदस्य: श्री मान बहादुर रावत (सामाजिक विकास समिति संयोजक)
६. सदस्य: श्री विर बहादुर वि.क. (पूर्वाधार विकास समिति संयोजक)
७. सदस्य: श्री खुशिराम चौधरी (सहकारी समिति संयोजक)

८. सदस्यः श्री ललित बहादुर घर्ति (सहकारी तथा रोजगार प्रवर्धन शाखा)

९. सदस्यः श्री माया श्रेष्ठ ( महिला वालवालिका तथा सामाजिक विकास शाखा)

१०. सदस्यः श्री रेखा शर्मा ( उपभोक्ता हित संरक्षण/ उद्योग व्यवसाय प्रवर्धन शाखा)

११. सदस्यः श्री बाबुराम न्यौपाने ( सुचना तथा संचार प्रविधि शाखा)

१२. सदस्यः श्री झरेन्द्र खरेल ( पर्यटन तथा संस्कृति प्रवर्धन शाखा)

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को नियम ३ संग सम्बन्धित नदीनालाको सतहवाट ढुंगा, गिट्टी, बालुवा संकलन, उत्खनन् र निकासीको अनुमति दिनुपुर्व प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्विकृत गर्नुपर्ने प्रावधान रहेको र हाल तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र गत आर्थिक वर्षहरुमा गरिएका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरुको म्याद समाप्त भई सकेको हुँदा हाल तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थ ढुंगा गिट्टि,वालुवा संकलन उत्खनन् र निकासीका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नुपर्ने अवस्था रहेको हुँदा तपसिल बमोजिमका स्थानहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नका लागि परामर्शदातामार्फत कार्य गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. **बबई नदि र प्रभावित वडाः**

१. हापुरखोला र बबइ दोभानवडा नं १४

२. डबकपुरघाटक्षेत्र वडा न १४

३. चौपरिया क्षेत्रवडा नं १४

४. पक्किपुलको पूर्व शितलपुर क्षेत्र वडा नं १२

५. पक्किपुलको पश्चिमशितलपुर क्षेत्र वडा नं ११, १३

६. मोतिपुरघाटक्षेत्रवडा नं ११

७. सुकौरा मसान घाट एरीयावडा नं ११

**ख. भम्के खोला र प्रभावित क्षेत्रः**

१. पक्किपुलको दक्षिण वटोलपुर क्षेत्र वडा नं ८

२. भमके र पातु खोलादोभानउत्तर एरीयावडा नं ८,

**ग. ग्वार खोला र प्रभावित क्षेत्रः**

१.ग्वारखोला खोलाको दोभान(पुलदेखी दक्षिण) वडा नं १४

२.बायोखोला क्षेत्र वडा नं ४

३. मानपुरे बाँध र मलवारे बाँधक्षेत्र,ग्वारखोला तेल्याकुलो बाध देखि ५०० मिटर माथिको क्षेत्रमा वडा नं ४, ७, १९

४. लहलौरा भोजपुर जाने पुलदेखि दक्षिण तर्फको क्षेत्र वडा नं १२, १६

**घ. पातु खोला र प्रभावित वडाः**

१.बनगाँउ कुलो देखी दक्षिण तर्फको क्षेत्र १०

२.राइखलियानदेखि दक्षिण तर्फको एरीयावडा नं १०

३. बटोलपुर एरीयावडा नं १०

४. सुकौराघाटदेखि उत्तरतर्फको एरीया (बनगाँउ क्षेत्र) वडा नं १०, ११

५. सुकौरा पक्कीपुलदेखि दक्षिण तर्फको एरीया वडा नं १०

**ङ. सग्रामखोला र प्रभावित वडाः**

१. हापुर खोला र बबइ खोलाको दोभानवडा नं १७

२.पत्रेखोला र संग्राम खोला वडा नं १७

३. कोठरी पुलदेखि दक्षिण क्षेत्रवडा नं १५

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दातुलसीपुर उपमहानगरपालिका वडा नं १७ मा रहेको पाण्डवेश्वर मल्टि सोलुसन प्रा लि बाट आफ्नो नाममा दर्ता कायम रहेको नक्सा नं ७ च को कि नं १०० १०२ १०४ १०७ १०९१११ र ११३ को क्षेत्रफल क्रमशः ७३७३।६७ ३०५६।१४ ४१७३।६५ ३४५४।०३ ३८५।१९ २४४२।३८ ३२८४।७२ र ४०६३।५९ जग्गालाई निजी वनको रुपमा दर्ता गरिदिन अनुरोध भइ आएकोले निवेदनको माग बमोजिम उक्त जग्गा निजी वनका रुपमा दर्ता गरिदिने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकामा खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा संचालन गर्न तुलसीपुर उपमहानगरपालिकामा खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०८० को दफा ६ बमोजिमको बोर्डलाई पूर्णता प्रदान गर्न ऐनको दफा १(घ) वमोजिम वडा अध्यक्षवाट वडा नं. ५ का वडा अध्यक्ष श्री विरेन्द्र कुमार शाह र वडा नं. ६ का वडा अध्यक्ष श्री दुजमान भण्डरी तथा कार्यपालिका सदस्यबाट श्री रेखा शर्मा, ऐनको दफा १(ङ) वमोजिम चोप प्रसाद धिताल र खेमराज वली र ऐनको दफा १(च) वमोजिम अक्षारा खानेपानी उ.स.वाट शिवहरी भण्डारी र वेलझुण्डी खानेपानी उ.स.वाट मिना रोकालाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ६ माथि छलफल गर्दातुलसीपुर उमहानगरपालिका क्षेत्रभित्र प्रारम्भिक वातारवणीय परिक्षण प्रतिवेदन अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. संयोजक- श्री केशवराज पार्धे(प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य- श्री पवन कुमार योगी (सडक तथा यातायात व्यवस्थापन शाखा )
३ .सदस्य- श्री रमा खड्का (वन तथा वातावरण तथा हरियाली प्रबर्धन शाखा)
४. सदस्य- श्री वडा सचिव (सम्बन्धित वडा कार्यालयको)
५. सदस्य- स्थानिय बन कार्यालय प्रमुख
६. सदस्य-श्री रितेश वस्नेत (सर्वेक्षक)
७. सदस्य-श्री भोजराज न्यौपाने(बन तथा बातावरण विज्ञान बिज्ञ)
८. सदस्य सचिव-श्री पुष्पलता घर्ती (राजस्व प्रशासन शाखा प्रमुख)

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा उपमहानगरपालिकाबाट पटक पटक सार्वजनिक सूचना गर्दा पनि केही नदी तथा घाटहरुमा ठेक्का नलागेकोले नदीजन्य पदार्थको माग बमोजिम आपुर्ति गर्न नसकिरहेको अवस्थामा संघ प्रदेश र स्थानीय तहबाट सञ्चालित योजनाको लागि आइ. ई ई. स्वीकृत स्थानहरुबाट नदीजन्य पदार्थको उत्खनन् गर्न आवश्यक देखिएकोले यस्ता आयोजनाको लागि नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित कार्यालयबाट आयोजनाको लागि आवश्यक परिमाण उल्लेख गरिएको माग पत्र लगत स्टिमेट र सम्झौता पत्र पेश गर्न लगाई प्राकृतिक श्रोत परिचालन तथा व्यवस्थापन समितिले अनुगमन गर्ने गरी घाटगद्दी गरेको स्थान, IEE भएका पटक पटक ठेक्का आवहान गर्दा पनि ठेक्का नलागेका घाटहरुबाट उपलब्ध गराउने निर्णय गरियो ।साथै तपसिल वमोजिमको नदीजन्य पदार्थ तपसिलका ठेक्का लागेका ठाउहरुबाट माग भई आएका विकास आयोजनाका लागि हेभी यान्त्रिक साधनहरु प्रयोग गरी उत्खनन गर्न सकिने संझौता भएकाले हेभी यान्त्रिक साधनहरु प्रयोग गर्न अनुमति दिने र जिल्ला समन्वय समितिबाट स्वीकृति लिने निर्णय गरियो ।

| माग गर्ने व्यक्ति वा संस्था | परिमाण घन.मि. | खोला नदी वा घाट |
|---|---|---|
| १ सदावहार निर्माण सेवा | १७६९ | ठेक्का नं रा.११ बबई शितलपुर पुल देखि पश्चित तर्फको क्षेत्र |
| २ एवि एम विल्डर एण्ड डेभलपर्स | ५२८ | ठेक्का नं रा.११ बबई शितलपुर पुल देखि पश्चित तर्फको क्षेत्र |
| ३ आर.डि उज्जव लोकमणी जे.भि | १५०० | ठेक्का नं रा.११ बबई शितलपुर पुल देखि पश्चित तर्फको क्षेत्र |
| ४ नवराज निर्माण सेवा | २०९ | ठेक्का नं रा.११ बबई शितलपुर पुल देखि पश्चित तर्फको क्षेत्र |
| ५ शिखा निर्माण सेवा शान्ति नगर दाङ | ५४०.६० | ठेक्का नं रा.१० बबई शितलपुर पुल देखि पुर्व तर्फको क्षेत्र |
| ६ दुर्गा कन्स्ट्रक्सन तुलसीपुर ४ दाङ | ८५८ | ठेक्का नं रा.१० बबई शितलपुर पुल देखि पुर्व तर्फको क्षेत्र |



टिकाराम खड्का
नगर प्रमुख

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुबाट चालू आर्थिक वर्षको २०८१ श्रावणदेखि पौषसम्म भएका कार्यहरुको अर्ध वार्षिक समीक्षा यही मिति २०८१।१२।२६ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत ३ जना कर्मचारीहरुले १२ महिने नापी तालिममा सहभागी हुन भनी निवेदन दिएकोमा कार्यालयबाट सबै कर्मचारीहरुलाई खटाउदा सेवा प्रवाहमा समेत कठिनाइ हुने भएको हुँदा ३ जना कर्मचारीमध्ये सबैभन्दा १ जना ज्येष्ठ कर्मचारीलाई उक्त तालिममा सहभागी हुन पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०८१।१२।१० गतेको तुलसीपुर उपमहानगरपालिकास्तरीय शिक्षा समितिको बैठकको शिक्षक दरबन्दी मिलान तथा प्राथमिक तहमा नवप्रवेशी शिक्षक पदस्थापना सम्बन्धी निर्णय अनुमोदनका लागि कार्यपालिकामा पेश भएकोमा उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस कार्यालयको सेवा प्रवाहलाइ चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि तपसिल बमोजिमको कार्यविधि तयार गरी आगामी कार्यपालिकामा पेश गर्न सम्बन्धित विषयगत समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**तपसिलः**

क. आर्थिक सहयोग वितरण कार्यविधि ,
ख. कार्यक्रम तथा आयोजना संचालन कार्यान्वयन र फरफारक कार्यविधि ,
ग. बारुणयन्त्र व्यवस्थापन तथा संचालन कार्यविधि ,
घ एकीकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि ,
ङ. पशु सेवा तालिम संचालान कार्यविधि ,
च. सर्भिलेन्स संचालन कार्यविधि ,
छ. आकस्मिक पशुपन्छी रोग नियन्त्रण कार्यविधि ,
ज. कृषक पशु स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम कार्यविधि ,

टिकाराम खड्का
नगर प्रमुख

**निर्णय नं. १३**

**क.**प्रस्ताव नं. १३क माथि छलफल गर्दा ८ नं. वडा. कार्यालय ,१५ नं कार्यालय र नं. १७नं.वडा कार्यालयको भवन निर्माण गर्नको लागि आवश्यक वजेट व्यवस्थापनको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**ख.** प्रस्ताव नं १३ख माथि छलफल गर्दा मिति २०८१।१२।२० गतेका दिन बेलुकाको समयमा तुलसीपुर उपमहानगरपालिका नगर कार्यापालिकाका नगर प्रहरीहरु डियूटीमा खटिएको समयमा तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ स्थित ग्वारखोलामा अवैध रुपमा ढुंगा, गिटी लोड गरेको अवस्थामा नियन्त्रणमा लिई कार्यालय ल्याउने क्रममा ऐ. ऐ. स्थित एयरपोर्ट नजिक आइपुग्ने क्रममा ट्याक्टर चालक सहितले घरेलु हतियार तरवार देखाई आक्रमण गर्ने प्रयास गरेको दण्डणीय कार्यप्रति घोर भर्तसना गर्दै दोषी उपर कानुन बमोजिम कार्वाहीको लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**ग.** प्रस्ताव नं. १३ ग माथि छलफलगर्दा तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ साविक हेकुलीको महेश वस्नेतको नाममा श्रेस्ता कायम भएको ३ ज. कि.नं. ३६८ को क्षेत्रफल २५.५० वर्गमिटर जग्गाको राजश्व असुली हुनु पर्नेमा भुलवस २५०५० वर्गमिटरको राजश्व असुली भएकोले २५.५० वर्गमिटरको मालपोत कर असुली गरी बाँकी बढी असुली भएको रकम फिर्ता गर्ने निर्णय गरियो ।

**घ.** प्रस्ताव नं. १३ घ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका २ नं वडा कार्यालयको च.नं. १०१७, मिति २०८१/१२/१७ गतेको पत्र अनुसार वडा नं. २ भमके टोलमा अन्दाजी ०-१-५ प्रति ऐलानी जग्गामा **भुयारथान सभाहल भवन निर्माणकार्यको लागि** लुम्बिनी प्रदेश शहरी बिकास तथा खानेपानी मन्त्रालयबाट चालु आ.ब. २०८१/०८२ मा रकम रु. ८,००,०००।००( अक्षेरुपि रु. आठलाख मात्र) बिनियोजन भएकोले उक्तभबन निर्माणको लागि अनुमति प्रदान गर्न वडा नं. २ को कार्यालयबाट सडक मापदण्ड भित्र नपर्ने र कसैको दावी विरोध नभएको भनी सिफारिस गरिदिन अनुरोध भई आएकोले नियमानुसार उक्त भबन निर्माण कार्य अघि बढाइदिनु हुनको लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

ङ. प्रस्ताव नं.१३ ङ माथि छलफलगर्दा तुलसीपुर उपमहानगरपालिका १० नं वडा कार्यालयको च.नं. १७२९, मिति २०८१/१२/२० गतेको पत्र अनुसार वडा नं. १० अभयनगर स्थित ठुटीमा करीव ०-६-० प्रति ऐलानी जग्गामा **अभय स्मृति भबन** निर्माणका लागि लुम्बिनी प्रदेश शहरी बिकास तथा खानेपानी मन्त्रालयबाट चालु आ.ब. २०८१/०८२ मा रकम रु. १०,००,०००।( अक्षेरुपि रु. दशलाख मात्र) बिनियोजन भएकोले उक्तभबन निर्माणको लागि अनुमति प्रदान गर्न वडा नं. १० को कार्यालयबाट सडक मापदण्ड भित्र नपर्ने भनी सिफारिस गरिदिन अनुरोध भई आएकोले नियमानुसार उक्त भबन निर्माण कार्य अघि बढाइदिनु हुनको लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।